**खिजीदेम्वा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खिजीफलाटे,ओखलढुंगा**
**१ नं. प्रदेश नेपाल**

# स्थानीय राजपत्र

**खण्ड ४ संख्या ८ स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७७/०९/२५**

**भाग २**

**प्रस्तावना:**

खिजीदेम्वा गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै सामुदायिक विद्यालयहरुमा कार्यरत कर्मचारी तथा वालविकास केन्द्रका सहजकर्ताहरुको मनोवल उच्च राखी शैक्षिक गुणस्तरमा उल्लेख्य वृद्धि गर्न वान्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा (१) र अनुसूची ८ मा व्यवस्था भए बमोजिम एवम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद (३) को दफा (११) को उपदफा (२) को खण्ड "ज" को बुदा नं. १० ले व्यवस्था गरे बमोजिम गाउँपालिकाको काम कर्तव्य र अधिकारको प्रयोग गरी साथै अन्तर्राष्टि«य श्रम संगठन (ILO) 169 ले निर्दिष्ट गरे बमोजिम मजदुरहरूको मन्त्रालयले न्यूनतम ज्याला मासिक रू.१३,४५०।- कायम गरिसकेकोले न्यूनतम मासिक ज्याला नपुग भएको अवस्थामा यस खिजीदेम्वा गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत कर्मचारी तथा वाल विकास केन्द्रका सहजकर्ताहरुलाई अतिरिक्त सेवा सुविधा स्वरुप मासिक पारिश्रमिक थप गर्नका लागी "खिजीदेम्वा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत कर्मचारी तथा वाल विकास केन्द्रका सहजकर्ताको अतिरिक्त सेवा सुविधा वितरण कार्यविधि- २०७७" बनाइएको छ ।

## खिजीदेम्वा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत कर्मचारी तथा वाल विकास केन्द्रका सहजकर्ताको अतिरिक्त सेवा सुविधा वितरण कार्यविधि- २०७७

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०९/१६, प्रमाणिकरण मिति : २०७७/०९/२१**

**१. संक्षिप्त नाम र परिभाषा :-**

(क) यस कार्यविधिको नाम "खिजीदेम्वा गाउँपालिका अन्तर्गतका सामुदायीक विद्यालयहरुमा कार्यरत कर्मचारी तथा वाल विकास केन्द्रका सहजकर्ताको अतिरिक्त सेवा सुविधा वितरण कार्यविधि- २०७७" रहने छ ।

(ख) यो कार्यविधि २०७७ साल माघ १ गतेवाट प्रारम्भ हुने छ ।

**२. परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनको लागि

(क) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट स्वीकृत प्राप्त गरी ऐन तथा नियमावली अनुसार सञ्चालित प्राविधिक, व्यवसायिक, धार्मिक तथा सामान्य शिक्षा प्रदान गर्ने नियमित अध्यान, अध्यापन गर्ने शिक्षण संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ख) "शैक्षिक गुणस्तर वृद्धि" भन्नाले सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने बालबालिका वा विद्यार्थीहरुको लागि शैक्षिक गुणस्तर वृद्धि गर्ने पठन पाठन कार्यमा उनिहरुको ज्ञान सीप,

धारण र अभिवृद्धिमा वृहत सुधार गर्ने प्रयोजनको लागि विद्यालयमा गरिने मानविय तथा भौतिक क्षमता अभिवृद्धि गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले खिजीदेम्वा गाउँपालिका ओखलढुंगालाई सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले खिजीदेम्वा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ङ) "कर्मचारी" भन्नाले खिजीदेम्ब गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण सामुदायीक विद्यालयहरुमा कार्यरत विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगी कर्मचारीलाई सम्झनु पर्दछ ।

च) "वाल विकास सहयोगी सहजकर्ता" भन्नाले प्रारम्भिक बाल विकास/पुर्व प्राथामिक कक्षाका सहजकर्तालाई सम्झनुपर्दछ ।

छ) "अतिरिक्त सेवा सुविधा" भन्नाले नेपाल सरकार वाट निर्धारित नियमित तलब भत्ता बाहेक गाँउपालिकावाट कर्मचारीहरुको मनोबल उच्च राख्नका लागी दिइएको थप सुविधालाई सम्झनुपर्दछ ।

**३. अतिरिक्त सेवा सुविधा सम्बन्धी व्यवस्था :**

क) खिजीदेम्बा गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण सामुदायीक विद्यालयहरुमा कार्यरत विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगी कर्मचारीहरुका लागी उपलब्ध गराईनेछ ।

ख) खिजीदेम्बा गाउँपालिका भित्र सञ्चालित प्रारम्भिक बाल विकास/पुर्व प्राथामिक कक्षाका सहजकर्तालाई उपलब्ध गराईनेछ ।

ग) प्रारम्भिक बाल विकास/पुर्व प्राथामिक कक्षाका सहजकर्ताले विद्यालय समय १० - ४ सम्म विद्यालयमानै समय व्यतीत गर्नुपर्नेछ ।

**४. अतिरिक्त सेवा सुविधा रकम :**

खिजीदेम्वा गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण सामुदायीक विद्यालयहरुमा कार्यरत विद्यालय सहायक कर्मचारी ,विद्यालय सहयोगी कर्मचारीहरु र प्रारम्भिक बाल विकास/पुर्व प्राथामिक कक्षाका सहजकर्ता तथा यस खिजीदेम्वा गाँउपालिकाको आन्तरीक श्रोत वाट सञ्चालित प्रारम्भिक बाल विकास/पुर्व प्राथामिक कक्षाका सहजकर्तालाई समेत यो कार्यविधि लागू भएको मिति देखी अनुसुची एक बमोजिम अतिरिक्त सेवा सुविधा वापतको रकम थप उपलब्ध गराइनेछ ।

**५. अतिरिक्त सेवा सुविधा वितरण प्रक्रिया :**

क) तोकिएको डाँचा अनुरुप माग फाराम शिक्षा शाखामा पेश भएपश्चात प्रत्येक चौमासिक रुपमा विद्यालयको खातामा निकाशा दिइनेछ ।

**६. अतिरिक्त सेवा सुविधा नपाउनेः**

देहायको अवस्थामा खिजीदेम्बा गाउँपालिकामा कार्यरत विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी कर्मचारीहरु र प्रारम्भिक बाल विकास/पुर्व प्राथामिक कक्षाका सहजकर्तालाई अतिरिक्त सेवा सुविधा पाउने छैनन ।

क) संघिय शिक्षा ऐन तथा नियमावली, खिजीदेम्बा गाँउपालिका शिक्षा ऐन २०७५ र विद्यालय शिक्षा सञ्चालन व्यवस्थापन तथा नियमन कार्यविधि २०७६ अनुसार व्यवस्था भए बमोजिम र नेपाल सरकारले खाईपाई आएको तलब बृद्धि गरेमा यस गाँउपालिकावाट प्रदान गरिने अतिरिक्त सेवा सुविधा पाउने छैन ।

**८. कर कट्टी हुनेः**

प्रोत्साहन भत्तामा नियमानुसार कर कट्टी हुनेछ ।

## अनुसुची १

क) कक्षा (१ - ३) चलेका विद्यालयहरुका विद्यालय सहयोगी कर्मचारीहरुलाई नेपाल सरकारवाट प्रदान गरिएको मासिक रु ४०००/- मा ७५% ले हुन आउने रकम रु ३०००/-

ख) कक्षा (१ - ५) चलेका विद्यालयहरुका विद्यालय सहयोगी कर्मचारीहरुलाई नेपाल सरकारवाट प्रदान गरिएको मासिक रु ४५००/- मा ६०% ले हुन आउने रकम रु २७००/-

ग) कक्षा (१ - ८) चलेका विद्यालयहरुका विद्यालय सहयोगी कर्मचारीहरुलाई नेपाल सरकारवाट प्रदान गरिएको मासिक रु ७५००/- मा २०% ले हुन आउने रकम रु १५००/-

घ) कक्षा (१ - १०/१२) चलेका विद्यालयहरुका विद्यालय सहयोगी कर्मचारीहरुलाई नेपाल सरकारवाट प्रदान गरिएको मासिक रु ७५००/- मा २०% ले हुन आउने रकम रु १५००/-

ङ) कक्षा (१ - १२) चलेका विद्यालयहरुका विद्यालय सहायक कर्मचारीहरुलाई नेपाल सरकारवाट प्रदान गरिएको मासिक रु ११५००/- मा १०% ले हुन आउने रकम रु ११५०/-

च) प्रारम्भिक बाल विकास/पुर्व प्राथामिक कक्षाका सहजकर्तालाई नेपाल सरकारवाट प्रदान गरिएको मासिक रु ६०००/- मा ५०% ले हुन आउने रकम रु ३०००/-

**अनुसुची २**

**माग फारमको ढाँचा**

खिजीदेम्वा गाँउपालिका

शिक्षा युवा तथा खेलकुद शाखा

खिजीफलाटे, ओखलढुगां

**अतिरिक्त सेवा सुविधा माग फाराम**

विद्यालयको नाम र ठेगानाः.......................................................सञ्चालित कक्षाः ...........

बैंक खाता नं.........................................

यस विद्यालयलाई ................................ देखि.................................सम्म तपशिलमा उल्लेखित विद्यालय कर्मचारी/प्रारम्भिक वाल विकास सहजकर्ताहरुको अतिरिक्त सेवा सुविधा निकासाको लागी अनुरोध छ।

तपशिल

| क्र.स | विद्यालय कर्मचारी/वा.वि.के सहजकर्ताहरुको नाम थर | पद | नियुक्ति मिति | माग रकम | कर | खुद पाउने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्र.अ

विद्यालयको छाप

नामः..................................

हस्ताक्षर..............................

जम्मा निकाशा रकम :

**गत चौमासिकको भर्पाइ**

| क्र.स | विद्यालय कर्मचारी/वा.वि.के सहजकर्ताहरुको नाम थर | पद | विद्यालय खुलेको दिन | हाजिरी दिन | बुझिलिनेको नाम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्र.अ

विद्यालयको छाप

नामः..................................

हस्ताक्षर............................

..**आज्ञाले**

**सुवास पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**